## मिति २०८१/०५/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगञ्ज उप-महानगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) को सम्बन्धमा सेवा प्रदायक संस्था DELCON International Pvt.Ltd. का प्रतिनिधिहरुको उपस्थितिमा छलफल तथा जानकारी लिईयो ।

**निर्णय नं. २**

भू-उपयोग नियमावली, २०७९ बमोजिमको मापदण्ड र सो अनुसार बनेको यस नेपालगञ्ज उप-महानगरपालिकाको भू-उपयोग नक्सा तयारका लागि मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दोस्रो संशोधन, २०८१ तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :

१)दफा ५(२) मा साविकको वाक्य हटाई नेपालगञ्ज उप-महानगरपालिकको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८० मा व्यवस्था भए बमोजिम निम्नानुसारको वाक्य राख्ने :-

"(२) नगर प्रहरी निरीक्षकको कमाण्डमा २१ जना सम्मको नेपालगञ्ज उप-महानगरपालिकाका नगर प्रहरीका पदहरु निम्न बमोजिम हुनेछन ।

क) नगर प्रहरी निरीक्षक - १ जना

ख) नगर प्रहरी नायब निरीक्षक - १ जना

ग) नगर प्रहरी सहायक निरीक्षक - २ जना

घ) नगर प्रहरी हवल्दार - ४ जना

ङ) नगर प्रहरी जवान - १३ जना"

२) दफा ११(१)क. को उमेर, खण्डमा साविकको वाक्य हटाई निम्नानुसारको वाक्य राख्ने :-

"दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको।"

३) दफा ११(१)ख. पछि तपसिल बमोजिम (ख)१ थप गर्ने :-

"(ख)१ नगर प्रहरी नायव निरीक्षक :

उमेर : दरखास्त बुझाउने समयसम्म सेवानिवृत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी कर्मचारी ४५ बर्ष ननाघेको ।

शिक्षा : कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको ।"

४) दफा ११(११) मा तपसिल अनुसार संशोधन गर्ने :-

"११) नगर प्रहरी निरीक्षक र नगर प्रहरी नायव निरीक्षकको पदमा आवेदन दिने आवेदक अनिवार्य सेवानिवृत भएको हुनुपर्नेछ, सेवामा रहँदा कम्तीमा प्रहरी सहायक निरीक्षक वा सो सरह पदमा काम गरेको अनुभव भएको, प्रचलित कानून बमोजिम अयोग्य नभएको ।"

५) दफा ११ को उपदफा १२ खारेज गर्ने।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमश:

## मिति २०८१/०५/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ४

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ०२ स्थित १०८ फिटे हनुमानको मुर्ति निर्माण ठेक्का नं. NSMC/NCB/W04/079/080को पोडिएम सम्मको कार्यसम्पन्न भएको र निर्माणका क्रममा निर्माण व्यवसायीले कला सम्बन्धी ढाँचा तथा बनावट कार्य तथा मुर्तिको परिस्कार कार्यको लागि BOQ मा नभएको भनि निवेदन पेश भएकोमा उक्त कार्यको दररेट जिल्ला दररेटमा उल्लेख नभएकोले उक्त कार्यको सम्बन्धित कार्य गर्ने फर्म ब्यक्ति सँग दररेट माग गर्ने र उक्त कार्य समावेश गरी संशोधित लागत अनुमान तयार गरी पेश गर्नका लागि परामर्शदातालाई जानकारी गराउने भनि नगर कार्यपालिकाको मिति २०८१।०५।०९ गतेको निर्णय बमोजिम यस उप-महानगरपालिकाको कार्यालयवाट मिति २०८१।०५।२० गते प.सं. २०८१/०८२ ,च.नं.६३५ को श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा.-८ सुर्खेत, श्री नेपाल आर्टस् तालिम केन्द्र, पोखरा महानगरपालिका-०२, कास्की, श्री मुनाल आर्ट ग्यालरी, पोखरा महानगरपालिका -१३ कास्कीलाई दररेट पेश गर्ने बारे र सुपरभिजन परामर्शदाता श्री ईन्जिनियरिङ्ग एण्ड एजुकेसनल सर्भिसेज प्रा.ली. ललितपुरलाई प.सं. २०८१/०८२ ,च.नं.५५१, मिति २०८१/०५/०९ गते यस बिषय सँग सम्बन्धित काम गर्ने विभिन्न फर्महरु सँग दररेट माग गरी पेश गर्ने बिषयक पत्राचार गर्दा तपसिल बमोजिम दररेट पेश गरेको पाईयो ।

**Item Description:** Labor charges for sculpture work, including detailed modeling, art finishing, of the statue work includes shaping, sculptural detailing, and finishing to meet aesthetic and structural requirements excluding all materials for sculpting (This item being measured separately and does not influence other item like concreting, reinforcement, form work etc.)

| सि.न. | कम्पनि/फर्मको नाम | ईकाइ | दररेट प्रति रनिङ्ग फिट (भ्याट बाहेक),(ढलान कार्यको सामाग्रि सिमेन्ट, सरिया, फर्मा र ज्याला बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | लालिगुराँस आर्टस् एण्ड कम्प्युटर सेवा ,नागढुङ्गा पोखरा | प्रति फिट | ३८४२५९।२६ | |
| २. | एस ए एस फाइवर ओल्ड, पोखरा-१४ भवानी टोल,कास्की | प्रति फिट | ३९३५१८।५२ | |
| ३. | नुनेम ह्याण्डिक्राफ्ट एल.पी. सुन्धारा, चपट टोल, काठमाण्डौ | प्रति फिट | ३,९८,१४८।१५ | |
| ४. | श्री अरनिको स्टोन कार्भिङ्ग लगनखेल, ललितपुर | प्रति फिट | ३,९३,५१८।५२ | |
| ५. | श्री रत्न वर्ड कर्भिङ्ग सेन्टर,ललितपुर | प्रति फिट | ४,०२,७७७।७८ | |
| ६. | श्री नेपाल आर्टस् तालिम केन्द्र, पोखरा महानगरपालिका-०२, कास्की | प्रति फिट | ३,००,०००।०० | |
| ७. | श्री मुनाल आर्ट ग्यालरी, पोखरा महानगरपालिका-१३ कास्की | प्रति फिट | २,७५,०००।०० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः



CamScanner

## मिति २०८१/०५/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

| | | | | |
|---|---|---|---|---|
| ८. | श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा.-८ सुर्खेत | प्रति फिट | २,३५,०००।०० | |

माथि उल्लेखित प्राप्त दररेट मध्ये सबै भन्दा न्यूनतम दररेट पेश गर्ने श्री सेन्चुरी मुर्तिकला उद्योग, भेरीगंगा न.पा.-८ सुर्खेतको दररेट रु.२,३५,०००।००(अक्षरुपी दुई लाख पैतिस हजार) भ्याट बाहेक प्रति रनिङ्ग फिट कायम गर्ने गरी उक्त दररेट स्वीकृत गर्ने र उक्त दररेट सुपरभिजन परामर्शदाता श्री ईन्जिनियरिङ्ग एण्ड एजुकेसनल सर्भिसेज प्रा.ली. ललितपुरलाई उपलब्ध गराई १०८ फिटे हनुमान मुर्तिको निर्माण कार्यको भेरिएसन आदेश प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा, बाँकेको च.नं. ५२/२०८१/०८२, मिति २०८१/०५/१४ गतेको पत्रानुसार घुम्ती रक्त संकलन एम्बुलेन्सको लागि ईन्धन सहयोगको लागि माग भएको हुँदा सोको लागि हाललाई १०० (एक सय) लिटर ईन्धन (डिजल) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नेपालगञ्ज उप-महानगरपालिकाको प्रत्येक ३ महिनाको प्रगति विवरण प्रवक्ता मार्फत प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नेपालगञ्ज उप-महानगरपालिकाको राजश्व सुधार योजना निर्माण प्रारुप, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नेपालगञ्ज उप-महानगरपालिकामा कार्यरत सिभिल ईन्जिनियर, अधिकृत छैठौं तहमा कार्यरत श्री चन्दनराज दास र श्री ईश्वरी सापकोटाले यस कार्यालयमा मिति २०८१/०३/०४ गते पेश गर्नुभएको निवेदनानुसार लुम्बिनी वौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त Lumbini International Academy of Science and Technology (LIAST) मानभवन, जावलाखेल, ललितपुरमा M.Sc in Construction Engineering and Management विषयमा अनलाईन माध्यमबाट स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि अनुमति माग गर्नुभएको र अध्ययनरत संस्थाको प.सं. ११/०८१/८२ र १२/०८१/८२, मिति २०८१/०५/२४ गतेको पत्रानुसार कक्षा सञ्चालन बेलुका ५:३० बजे अनलाईन र फिजिकल माध्यमबाट हुने देखिएको हुँदा निवेदकहरुलाई कार्यालयको कामकाजमा बाधा नपर्ने गरी अनलाईन माध्यमबाट अध्ययनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका